# शिवगढी स्वास्थ्य चौकी

## शिवराज नगरपालीका, कपिलवस्तु




# सामाजिक परिक्षण प्रतिवेदन

२०७८ माघ १३ गते

बिषय सूची


1 पृष्ठभूमिः ........ 3

2 स्वास्थ्य संस्थावारेमा संक्षिप्त जानकारीः ........ 3

3 सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य ........ 3

4 सामाजिक परिक्षण अवधि ........ 3

5 सामाजिक परिक्षणमा अवलम्वन गरिएका विधि तथा प्रकृया ........ 4

6 सामाजिक परिक्षणमा अपनाइएका विधिहरू ........ 4

7 सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरू ........ 4

8 सामाजिक परिक्षणवाट प्राप्त नतिजाहरू ........ 7

9 शिवराज नगरपालिकावाट भईरहेका निरन्तरता दिईरहनु पर्ने बिषयहरू ........ 10

10 शिवराज नगरपालिकावाट संवोधन गरिनुपर्ने गरी उठान भएका सवालहरू ........ 10

11 आमभेलाको आयोजना तथा संचालन ........ 10

12 आमभेलामा उठेका जिज्ञासाहरू सहित सक्बोधन गर्नुपर्ने मुख्य मुख्य विषयहरू ........ 10

13 सामाजिक परिक्षणले उठाएका मुद्दाका बारेमा जिम्मेवार निकायको प्रतिक्रिया तथा प्रतिबद्धता ........ 11

14 सामाजिक परिक्षणले उठाएका मुद्दालाई सम्बोधन गर्न कार्ययोजनाको निर्माण ........ 13

15 अनुसूचीहरू ........ 13

1 पृष्ठभूमिः

नेपालको संविधानप्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न, स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच र सामाजिक समावेशिता सुनिश्चित गर्न, स्वास्थ्य सेवाको क्षेत्रमा नागरिक र सेवाग्राहीको सशक्त सहभागिताका लागि सबल वातावरण बनाउन, स्वास्थ्य क्षेत्रको सुशासन र जवाफदेहिता प्रणाली सुदृढ तुल्याउन, स्वास्थ्य क्षेत्रमा बहुसरोकारमा आधारित सामाजिक जवाफदेहिता प्रवर्धन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्न तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सम्बन्धी संस्थागत र प्राविधिक क्षमता सबै तहमा अभिवृद्दी गर्नका लागी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको "स्वास्थ्य क्षेत्रको लागि सामाजिक जवाफदेहिता संघीय मार्गदर्शन, २०७७" को उद्देश्य अनुसार शिवराज नगरपालीकाले लिएको निर्णय अनुसार यस स्वास्थ्य संस्थाको सामाजिक परिक्षण गरिएको हो ।

सामाजिक परिक्षण का लागी शिवराज नगरपालीका शुशासन समिती तथा स्वास्थ्य शाखाको अनुरोधमा स्वास्थ्यका लागि सक्षम प्रणाली (SSBH) को प्राविधिक तथा आर्थिक सहयोग रहनुका साथै सामाजिक परिक्षकको रूपमा भरतराज देवकोटाको सहजीकरण रहेको थियो ।

2 स्वास्थ्य संस्थावारेमा संक्षिप्त जानकारीः

शिवराज नगरपालीका वार्ड नं. ९ मा रहेको यस शिवगढी स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवाहरू प्रदान गर्दै आईरहेको छ । यस स्वास्थ्य संस्थाले सुरक्षीत मातृत्व, आमा सूरक्षा, निशूल्क प्रसूती सेवा, पोषण, खोप सेवा, परिवार नियोजन सेवा, अन्य विविध स्वास्थ्य सेवाहरू लगायतका स्वास्थ्य सेवाहरू रहेका छन् ।

3 सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य

3=1 स्वास्थ्य क्षेत्रवाट प्रदान गरिने विभिन्न सेवाहरू र स्वास्थ्य सम्वन्धि सामुदायिक क्रियाकलापहरूका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।

3=2 आमनागरिक (महिला, अतिविपन्न, पिछडिएका एवम् बन्चित समुदाय समेत) को प्रत्यक्ष र सक्रीय सहभागिताका आधारमा स्वास्थ्य सेवा प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।

3=3 स्थानिय तहका स्वास्थ्य सेवा प्रदायक निकायहरूलाई आमनागरिक विषेश गरी महिला, अतिविपन्न, जोखिममा रहेका, पिछडिएका, बन्चित एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने समुदाय प्रति जवाफदेही बनाई स्वास्थ्य सेवामा अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पुर्याउने ।

3=4 आमनागरिक र स्वास्थ्य संस्था बीच खुल्ला रूपमा सही सूचना आदान प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने ।

3=5 सामाजिक परिक्षणका माध्यमवाट स्वास्थ्य सम्वन्धी परियोजना र कार्यक्रमको कार्यान्वयन र स्वास्थ्य सेवाप्रवाहमा निरन्तर सुधारका लागि मार्गप्रशस्त गर्ने ।

4 सामाजिक परिक्षण अवधि

२०७८ पुस १ गते देखी ५ गते सम्म ।

5 सामाजिक परिक्षणमा अवलम्वन गरिएका विधि तथा प्रकृया

सामाजिक परिक्षणमा अवलम्वन गरिएका प्रकृयाहरू निम्न अनुसार रहेका छन् ।

5=1 स्थानिय तहको सुशासन समिती द्वारा सामाजिक परिक्षण गर्ने योजना तयारी तथा पहिलो चरणका लागि स्वास्थ्य संस्थाको छनौट ।

5=2 सामाजिक परिक्षकको छनौट तथा नियुक्ती ।

5=3 स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितीलाई सामाजिक परिक्षण वारे जानकारी तथा स्वास्थ्य संस्थाको सामाजिक परिक्षणका लागी समय निर्धारण ।

5=4 बिभिन्न विधी तथा माध्यम वाट स्वास्थ्य सेवा सम्वन्धी सूचना संकलन र बिश्लेषण ।

5=5 सामाजिक परिक्षणको नतिजा सार्वजनिकिकरण गर्नका लागि आयोजनाहुने आमभेलाको सूचना प्रवाह

5=6 आम भेलाको आयोजना गरी स्वास्थ्य संस्थाले दिईरहेका सेवाहरू का साथै सूचना बिश्लेषणबाट प्राप्त नतिजाको प्रस्तुतीकरण ।

5=7 सामाजिक परिक्षणका क्रममा आएका सवालहरू तथा आमभेलामा उठेका सवालहरूमा सरोवारवाला जिम्मेवार निकायहरूको सवालको सम्वोधनका लागि प्रतिबद्धता तथा कार्ययोजना निर्माण ।

5=8 प्रतिवेदन तयारी तथा सम्वन्धित स्वास्थ्य संस्था तथा स्थानिय तह लाई हस्तान्तरण ।

6 सामाजिक परिक्षणमा अपनाइएका विधिहरू

6=1 स्वास्थ्य संस्थाको अवलोकन

6=2 स्वास्थ्य संस्थावाट सूचनाहरू संकलन

6=3 निशूल्क प्रसूतिसेवा लिएका आमाहरूसंग भेट

6=4 स्वास्थ्यकर्मीहरू संग अन्तरक्रिया

6=5 स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समितिसंग अन्तरक्रिया

6=6 शिवगढी स्थास्थ्य संस्थावाट सेवा प्राप्त गरेर फर्कदाको अनुभव सङ्कलन

6=7 स्वास्थ्य संस्थाको सेवा क्षेत्रमा रहेका सेवाग्राही संग विषयकेन्द्रित समुह छलफल

7 सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरू

7=1 स्वास्थ्य संस्थाको अवलोकनः स्वास्थ्य संस्थाले नागरिक वडापत्र उचित स्थानमा राखेको छ वा छैन र आमनागरिकले सो को उपयोग कसरी सहज रुपमा गरिरहे का छन्, आमा सुरक्षा कार्यक्रम अन्तर्गत निःशुल्क प्रसूति सेवा, प्रसूति प्रोत्साहन रकम, गर्भवती जाँचवापत प्राप्त हुने प्रोत्साहन रकम, निःशुल्क औषधि वितरण र निःशुल्क स्वास्थ्य सेवाका जानकारीहरू बोर्ड वा सूचना पाटीमा टाँसिएका छन् कि छैनन्, सूचनाहरू प्रवाहगर्ने बोर्ड र सूचनापाटी व्यवस्थित रूपमा राखिएको छ, छैन, स्वास्थ्य संस्थामा निःशुल्क प्रसूति सेवा लिने र त्यसवापत् प्रोत्साहन रकम प्राप्त गर्ने महिलाहरूको नामावली नियमित रूपमा स्वास्थ्य संस्थाको सूचना पाटीमा टाँस्नुपर्ने अनिवार्य व्यवस्था अनुसार त्यस्तो कार्य भए नभएको, स्वास्थ्य संस्थाभित्र र बाहिर सरसफाइको अवस्था, फोहोर व्यवस्थापन तथा स्वास्थ्य संस्थाको सुरक्षाको प्रबन्धजस्ता विषयहरू, भवनको भौतिक अवस्था, आवश्यक कोठाहरूको उपलब्धता, शौचालय (महिला र पुरुष), विजुली वा वैकल्पिक उर्जाको व्यवस्था, धारा एवम् पिउने

पानीको व्यवस्था, कम्पाउण्ड वाल, आदि जस्ता बिषयहरुमा स्वास्थ्य संस्थाको अवलोकन गरी सूचना संकलन गरियको थियो ।

7=2 निशूल्क प्रसूति सेवालिने आमाहरूको बिवरणः आमा कार्यक्रम अन्तर्गत गत आर्थिक बर्षमा यस स्वास्थ्य संस्था वाट निःशुल्क प्रसूति सेवा र प्रसूति प्रोत्साहन रकम लिने आमाहरूको विवरण सम्वन्धी जानकारी जातजाती, तथा प्रसूती सेवा लिने र चार पटक गर्भवली जाच गराउने महिलाहरू को आधारमा स्वास्थ्य संस्था रहेको अभिलेखवाट सूचना लिईयको थियो ।

7=3 निशूल्क प्रसूति सेवालिने आमाहरू संग भेटः यस स्वास्थ्य चौकीमा निःशुल्क प्रसूति सेवा प्राप्त गरी प्रोत्साहन रकम प्राप्त गर्ने आमाहरूको नाम, ठेगाना, उमेर, सूत्केरी भएको मिती, प्रसूती प्रोत्साहन रकम प्राप्त गरेको मिती, चारपटक गर्भवति जांच गरायको नगरायको जस्ता बिषयहरु रहेको सूची तयार गरी त्यसबाट ४ जना आमाको छनौट उनहिरु संग भेट गरी चार पटक गर्भवती जाँच गराएको वा नगराएको , सो जाँच उचित समयमा गरिएको छ, छैन, जाँच गराएको भए स्वास्थ्य संस्थामा सुत्केरी भएपछि पाउनुपर्ने प्रोत्साहन रकम पाए नपाएको, स्वास्थ्य संस्थामा सुत्केरी हुँदा पैसा खर्च भए नभएको, स्वास्थ्य संस्थामा उनले पाएको सेवा र व्यवहार कस्तो रहेको थियो , आदि बिषयहरुमा छलफल गरी सूचना संकलन गरियको थियो ।

7=4 औषधि दाखिला र शून्य मौज्दातको विवरणः स्वास्थ्य संस्थाबाट निःशुल्क प्रदान गर्नका लागि नेपाल सरकारले व्यवस्था गरेका औषधिहरू तथा स्थानीय तहबाट व्यवस्था गरिएका औषधिहरू बर्षभरि नै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध रहिरहनु पर्दछ । यस व्यवस्था अनुसार औषधिको उपलब्धता थाहा पाउनका लागि औषधि दाखिला र वितरणको विवरण तथा मौज्दातको विवरण सङ्कलन गरीयको थियो । एन्टिबायोटिक लगायत अन्य अत्यावश्यक औषधिहरू बर्षभरि कति पटक दाखिला भयो र कुन कुन बेला ती औषधिको मौज्दात शून्य रह्यो भन्ने जानकारी स्वास्थ्य संस्थाको भण्डार मा हुने रजिस्टर बाट लिईयको थियो ।

7=5 स्वास्थ्य संस्थाको आम्दानी खर्चको बिवरणः स्वास्थ्य संस्थाले निःशुल्क प्रसूति सेवा वापत प्राप्त गर्ने रकम लगायत स्वास्थ्य संस्थामा भएका अन्य आम्दानी र त्यसको खर्चको विवरण राखे नराखेको तथा नियमित आवधिक रूपमा लेखा परिक्षण गराए नगराएको जस्ता सूचना स्वास्थ्य संस्था वाट लिईएको थियो ।

7=6 खोप परिवार नियोजन र सुरक्षित मातृत्व कार्यक्रमवाट लाभान्वितहरूको विवरणः खोप, परिवार नियोजन र सुरक्षित मातत्व कार्यक्रमबाट लाभान्वितहरूको लक्ष्य र प्रगतिको विवरण स्वास्थ्यकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा रहेको अभिलेखवाट लिईयको थियो ।

7=7 स्वास्थ्य संस्थावाट विविध सेवा लिनेहरूको विवरणः स्वास्थ्य संस्थामा अन्य विविध सेवा लिने को सङ्ख्याबाट उक्त संस्थाको कार्यबोझ, लोकप्रियता, औषधि तथा अन्य स्रोत परिचालनको अवस्था र उक्त सेवा महिला तथा पुरुषले के कति लिए भन्ने बारे मा थाहा पाउन विविध स्वास्थ्य सेवा लिने व्यक्तिहरूको विवरण स्वास्थ्य संस्थाको अभिलेख वाट संकलन गरियको थियो ।

7=8 स्वास्थ्यकर्मिहरूसंगको अन्तरक्रियाः स्वास्थ्य संथाको व्यवस्थापकीय पक्ष, सेवाको गुणस्तर तथा पहुचमा अभिवृद्धिका लागि गरिएका प्रयासहरूको जानकारी सङ्कलन गर्नका लागि स्वास्थ्यकर्मीहरूसँग अन्तरक्रिया गरीयको थियो । अन्तरक्रियामा स्वास्थ्य संस्थामा सेवाग्राहीले

चाहेमा गुनासोहरू राख्न पाउने के व्यवस्था छ ? स्वास्थ्य संस्था व्यवस्थापनका राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्षहरु के के छन् ? भन्ने जस्ता बिषयवस्तुहरु समावेस रहेका थिए ।

7=9 स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समितिसंगको अन्तरक्रियाः स्थानीय स्तरबाट स्वास्थ्य सेवा सुधार का लागि दिइएको महत्व र त्यसका उपलब्धिहरूबारे जानकारी लिन स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिसँग छलफल गरियको थियो । स्वास्थ्य संस्था व्यवस्थापन समितिसँगको अन्तरक्रियामा समितीको नियमित बैठक, समितीवाट विपन्न तथा वन्चितका लागि गरियका निर्णयहरू र कार्यान्वयनको अवस्था, पारदर्शिता जवाफदेहिताका लागी समितीवाट भएका कामहरू, सेवामा पहुच अभिबृद्दी, गुणस्तर सुधारका लागी भएका प्रयास जस्ता बिषयहरू रहेका थिय ।

7=10 शिवगढी स्थास्थ्य संस्थावाट सेवा प्राप्त गरेर फर्कदाको अनुभव सङ्कलनः स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरू तथा सेवाप्रदायकको व्यवहार लाई सेवाग्राहीले कुन रूपमा लिएका छन् भन्ने कुराको प्रतिक्रिया सेवा प्राप्त गरेर फर्किंदै गर्दाको अवस्थामा स्वास्थ्य संस्थाहरूबाट सेवा प्राप्त गरेर फर्कने बिरामीहरूमध्ये स्वास्थ्य चौकीमा ४ जना अन्तर्वार्ता लिईयको थियो । यसरी अन्तरर्वाताका लागि सहभागी छनौट गर्दा लिङ्ग, स्थान लाई ख्याल गरियको थियो । यस अन्तरवार्तामा सेवाग्राहीलाई सेवालिन लागेको समय, सेवा लिदा पैसा खर्च भए नभयको, स्वास्थ्यकर्मीको ब्यवहार, स्वास्थ्य संस्थामा भएका आधारभूत ब्यवस्थाहरू लगायतका बिषयहरू रहेका थिय ।

7=11 सेवाग्राहीहरूसंग बिषयकेन्द्रित समुह छलफलःस्वास्थ्य संस्थामा पँहुच, स्वास्थ्यकर्मीको व्यवहार, स्वास्थ्यकर्मीहरूको जवाफदेहिता, स्वास्थ्य संस्थाको पारदर्शिता, स्वास्थ्य सेवाको बारेमा चेतना र जानकारी, महिला स्वास्थ्य स्वयम्सेविकाले दियका सेवाहरु, स्वास्थ्य संस्था व्यवस्थापन समितिको बारेमा, स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको उपस्थिति, स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको अवधि लगायत स्वास्थ्य सेवामा क्रमिक सुधार का लागि समुदायवाट सुझाव समेतका बिषयहरु मा समुदायमा लक्षित समुह छलफल गरियको थियो । समुह छलफलमा महिला, दलित समुदाय लगायत वन्चितमा परेकाहरुका सहभागीता लाई प्राथमिकता दिईयको थियो ।

7=12 महिला स्वयम्सेविकासँग अन्तर्वार्ताः विषयकेन्द्रित छलफल हुने वडामा स्थानीय महिला स्वयम्सेविकाहरूसँग संक्षिप्त कुराकानी गरी उनीहरूको धारणा सङ्कलन गरयिको थियो जसमा स्वास्थ्य संस्थाको बारेमा स्थानीय सर्वसाधारणहरूको कस्तो धारणा छ ? के प्रायः सबै जना स्वास्थ्य सेवा लिन जान्छन् ? स्वास्थ्य सेवा लिन गर्भवती महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, बृद्धलगायत सबै गाउंले लाई कुनै बाधा अवरोध छन की ? स्वास्थ्य संस्थामा औषधिहरू निःशुल्क रूपमा पाइन्छ वा बिरामीले बाहिर बाट किन्नुपर्छ ? स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरू प्रायः उपस्थित हुन्छन् कि हुंदैनन् ? स्वास्थ्यकर्मीको बानी, व्यवहार कस्तो छ ? स्वास्थ्य संस्थाले प्रदानगर्ने सबै प्रकार का सेवा र सुविधाबारे सबै लाई थाहा छ कि छैन ? भन्ने जस्ता बिषयहरु यस अन्तरवार्तामा रहेका थिए ।

7=13 सूचना बिश्लेषणः विभिन्न स्रोतबाट सूचना र तथ्याङ्क सङ्कलन गर्ने कार्य पूरा भए पश्चात सङ्कलित सूचनाहरूको विश्लेषण गरी आमभेलाका लागि निष्कर्षमा निकाल्ने काम गरियको थियो । निष्कर्षको विश्वसनीयता सुनिश्चित गर्न र त्यसमा सबै सरोकारवालाको अपनत्व कायम गर्न यस प्रक्रियामा सके सम्म स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूको

संलग्नता गराउने प्रयास गरियको थियो र विश्लेषण गरी निष्कर्ष निकाल्दा तटस्थता र निश्पक्षता अपर्नाइयको थियो ।

## 8 सामाजिक परिक्षणवाट प्राप्त नतिजाहरू

### 8=1 सवल पक्षहरू

क) स्वास्थ्य सेवामा पहुच एवं उपयोग

- प्रसुती सेवा ३६५ दिन २४ सै घण्टा उपलब्ध रहेको ।
- पूर्वप्रसूति जाँच सेवा लिने आमाहरूको संख्या जम्माः ४९ जना ।
- संस्थागत प्रसुती मध्ये ७५.३८% ले  सेवा लिएको ।
- स्वास्थ्य सस्थामा सूत्केरी गराउनेको संख्या ६५ जना –(दलीतः ११, जनजातीः ४३, मधेसी १ र अन्यः १०)
- सूत्केरी भएको २४ घण्टा भित्र जांच गराउने संख्या ६५ जना
- गतबर्षको तुतनामा खोप लिने सेवाग्राहीको संख्या बदेको छ ।
- पूर्णखोपका लागि स्वास्थ्य स्वयसेविका परिचालन भएको छ ।
- परिवार नियोजनका अस्थायी साधनको (कण्डम, पिल्स, डिपो, आईयूसिडी) सेवा संचालनमा रहेको
- दक्ष तालीम प्राप्त स्वास्थ्यकर्मीवाट परिवार नियोजनका सेवाहरू प्रदान गर्ने गरियको छ ।
- गाउघर क्लिनिक ४ स्थानमा र खोपकेन्द्र ५ स्थानमा संचालन भएका छन् ।
- आधारभूत स्वास्थ्य सेवाहरू पूर्णरूपमा निशूल्क रहेको छ
- विविध सेवा लिने सेवाग्राहीहरूमा महिलाको संख्या बदि रहेको छ ।
- दैनिक सददर १४ जना सेवाग्राहीले विविध सेवा लिएको ।

ख) स्वास्थ्य सेवाको गुणस्तर

- स्वास्थ्य संस्थामा दरवन्दी अनुसार पदपूर्ती भएको ।
- स्वास्थ्यकर्मीहरू नियमित उपस्थिती हुने गरेको र तालिम, बिदा जादा पालो मिलायर जाने गरेको ।
- १० बजे देखि ४ बजे सम्म सेवा प्रदान गर्ने गरेको
- मिजासिलो
- सोधेको कुरा राम्रो संग बताईदिने ।
- लैङ्गीक, जातिय भेदभाव रहित ब्यवहार रहेको ।
- अटोक्लेभवाट औजारहरू निर्मलीकरण गर्ने गरेको ।
- सरसफाईको अवस्था ठिकै रहेको छ ।
- सेवाग्राहिहरूलाई पिउने पानीका लागी फिल्टरको ब्यवस्था भएको
- असक्तहरूको पहुचका लागी र्याम्प भएको  ।
- गोप्य स्थानमा जाच्ने तथा परामर्श दिने ब्यवस्था भएको ।

- महिला स्वास्थ्यकर्मीको ब्यवस्था भएको ।
- जेष्ठ नागरीकलाई लाईन वस्नु नपर्ने ।
- स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि तालिमहरूमा पठाउने गरेको

ग) औजार उपकरण एवम भौतिक पुर्वाधारको अवस्था

- भवन अपाङ्ग मैत्रि रहेको छ
- बैकल्पीक उर्जाको ब्यवस्था गरियको ।
- सामान्य औजार उपकरणहरू रहेको ।

घ) संस्थाको आम्दानी खर्चको अवस्था

- आम्दानी श्रोतः
  - नगरपालीका अनुदान
  - प्रसुती सेवा प्रदानमा प्राप्त हुने रकम ।
- खर्चः
  - स्वास्थ्यकर्मी तलव, स्वास्थ्यकर्मी इन्सेन्टीभ, प्रसूती प्रोत्साहन रकम, बर्थिङ सेन्टरमा औषधीहरू, ईन्टरनेट, बिद्युत महसुल, पुर्वाधार निर्माण, ब्यवस्थापनमा खर्च भएको

ङ) संस्थाको पारदर्शिता एवं जवाफदेहिता

- पालीकावाट प्राप्त औषधीहरू सेवाग्राहीलाई निशूल्क वितरण गर्ने

च) स्वास्थ्य सेवा वारे जानकारी

- स्वास्थ्यसंस्थाले प्रदान गर्ने सेवाहरूको जाकारी स्वास्थ्य स्वयसिवका, स्वास्थ्यकर्मीहरू, चौकीदार र टोल छिमेकवाट प्राप्त गर्ने गरको

छ) स्वास्थ्य संस्था ब्यवस्थापन समितीको भूमिका

- ब्यवस्थापन समिती समावेसी रहेको छ ।
- शिवराज नगरपालिका र वडा कार्यालय संगको समन्वयमा श्रोत परिचालन भएको
- गर्भवती भएका घरमा झण्डा राख्ने र अण्डा प्रदान गर्ने कार्यक्रम
- ४ स्थानमा ४८ पटक गाउघर क्लिनिक संचालन भएको ।
- ५ स्थानमा ६० पटक खोप केन्द्र संचालनमा भएको ।

8=2 सुधार गर्नुपर्ने पक्षहरू

क) स्वास्थ्य सेवामा पहुच एवं उपयोग

- सुरक्षित मातृत्व सेवा लक्ष अनुसार प्रगती कम रहेको
- अघिल्लो बर्ष भन्दा सेवाग्राहीको संख्या घटेको छ ।

- स्वास्थ्य संस्थामा समयमै नखुल्ने र सेवा पुरा समय सम्म नपाएको सेवाग्राहीको गुनासो रहेको छ ।
- परिवार नियोजनका सेवा  लिने सेवाग्राहीहरू गत बर्षको तुलनामा घटेका छन् ।
- परिवार नियोजनका साधनहरू (पिल्स, कण्डम १ पटक स्वास्थ्य संस्थामा मौज्दात सुन्य भएको

ख) स्वास्थ्य सेवाको गुणस्तर

- अटोक्लेभ मर्मत गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाका लागी आवश्यक भवन नभएको ।
- स्वास्थ्य संस्थाको कम्पाउण्ड खूल्ला भएको ।
- महिला पुरूषका लागि अलग अलग शौचालय नभएको ।
- स्वास्थ्य संस्थाको कम्पाउण्डमा तारवार ब्यवस्थित छैन ।
- स्वास्थ्य जन्य फोहर ब्यवस्थापन गर्न फोहर वर्गिकरण गरि बिसर्जन गर्ने नगरिएको
- सेवाग्राही लाई पालो पर्खदा वस्ने ब्यवस्था न्युन रहेको छ ।
- स्वास्थ्य संस्थामा ह्विलचियर र स्ट्रेचर नभएको ।

ग) संस्थाको आम्दानी खर्चको अवस्था

- स्थास्थ्य संस्थाको आम्दानी खर्चको लेखा परिक्षण नभएको
- अभिलेख संस्थामा ब्यवस्थित नभएको ।

घ) संस्थाको पारदर्शिता एवं जवाफदेहिता

- निशूल्क वितरण गरिने औषधीहरूको नामावली टास नभएको
- निशुल्क प्रसूती सेवा, प्रसूती प्रोत्साहन रकम र गर्भवती जाच प्रोत्साहन रकम लिने आमाहरूको बिवरण सूचना पाटिमा टास नभएको ।
- स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरूको जानकारीका सूचनाहरू कम रहेका र भएका पनि ब्यवस्थित नभएको ।
- स्वास्थ्य चौकीको अध्यावधिक नागरीक वडापत्र नभएको ।
- नेपाल सरकारले निशूल्क बितरणका लागी तोकेका र परिवार नियोजन सेवाका साधनहरू समेतका औषधीहरू पटक पटक सून्य मौज्दात भएको छ।
- नागरिक गुनासो सून्ने र त्यसलाई संवोधन गर्ने ब्यवस्था भएको पाईयन ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिती को निर्देशिका नभएको
- आवश्यक्ता अनुसार बैठक वस्ने गरेको
- बैठकमा उपस्थिती कमजोर रहेको छ ।

ङ) स्वास्थ्य सेवा वारे जानकारी

- स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरको जानकारी समुदायमा ज्यादै न्युन रहेको छ ।
- स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समिती र यसको भूमीका वारे समुदायमा जानकारी अत्यन्तै न्युन छ ।

- स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा र स्वास्थ्य सम्वन्धी सूचना मूलक सामाग्रीहरू न्युन छ

9 शिवराज नगरपालिकावाट भईरहेका निरन्तरता दिईरहनु पर्ने बिषयहरू

- स्वास्थ्य संस्थामा करारमा थप गरिएका स्वास्थकर्मीहरूको निरन्तरता ।
- स्थास्थ्य संस्थाको ब्यवस्थापनका लागि दिईने अनुदान निरन्तरता दिदै थप गर्नु पर्ने ।

10 शिवराज नगरपालिकावाट संवोधन गरिनुपर्ने गरी उठान भएका सवालहरू

- निशूल्क प्रदान गरिने औषधीहरूको मौज्दात स्वास्थ्य संस्थामा शून्य हुन नदिनका लागी नियमित आपूर्ती हुन नसकेको ।
- स्वास्थ्य संस्थाहरूको भवन निर्माणमा सहयोग ।
- स्वास्थ्य चौकीहरूको आम्दानी खर्चको लेखा परिक्षण नभएको ।
- एम्बुलेन्स को ब्यवस्थापन राम्रो हुन नसकेको ।
- पालीकावाट स्वास्थ्य संस्थाहरूको अनुगमन तथा सुपरिवेक्षण र अन साईट अनुशिक्षण असाध्यै न्युन रहेको ।
- सूत्केरी प्रोत्साहन रकम सूत्केरी भई डिस्चार्ज हुदा पाउने ब्यवस्थाका लागि रकम समयमा उपलब्ध नभएको।

11 आमभेलाको आयोजना तथा संचालन

स्वास्थ्य संस्था तथा समुदायवाट सूचना संकलन र यसको बिश्लेषणवाट प्राप्त नतिजालाई सार्वजनिकीकरण गर्नका लागि आमभेलाको आयोजना गरियको थियो । आमभेलामा शिवराज नगरपालीकाका नगर प्रमुख, , कार्यकारी प्रशासकिय अधिकृत, स्वास्थ्य शाखाका प्रतिनिधी, ब्यवस्थापन समितीका अध्यक्ष, स्वास्थ्य संस्थाका प्रमुख तथा स्वास्थ्यकर्मीहरू, सेवाग्राहीहरू, स्वास्थ्य स्वयसेविका लगायत शिवराज नगरपालीका सुशासन समितीका पदाधिकारी तथा बिभिन्न शाखाका तथा समितीका पदाधिकारीहरूको सहभागीता रहेको थियो । कोभिडका कारण नेपाल सरकारले जारी गरेको सूचना, मापदण्ड तथा निर्देशनमा रहि आमभेलाको कार्यक्रम संचालन भएको थियो । (आमभेलामा गरियको प्रस्तुतीकरण अनुसूची १ मा रहेको छ ।)

12 आमभेलामा उठेका जिज्ञासाहरू सहित सक्बोधन गर्नुपर्ने मुख्य मुख्य विषयहरू

- स्वास्थ्य चौकीको अध्यावधिक नागरीक वडापत्र नभएको ।
- प्रसुती प्रोत्साहन रकम प्राप्त गर्ने अमाहरूको नामावली नियमित रूपमा सूचनापाटीमा टास नभएको
- परिवार नियोजनका साधनहरू र निशूल्क बितरण गरिने औषधीहरू पटक पटक स्वास्थ्य सस्थामा सुन्य मौज्दात भएको ।
- स्वास्थ्य चौकीमा सेवाग्राहीहरूको गुनासो सुन्ने परिपाटी नभएको ।
- स्थास्थ्य संस्थाको आम्दानी खर्चको लेखा परिक्षण नभएको
- निशूल्क वितरण गरिने औषधीहरूको नामावली टास नभएको

13 सामाजिक परिक्षणले उठाएका मुद्दाका बारेमा जिम्मेवार निकायको प्रतिक्रिया तथा प्रतिबद्धता

सामाजिक परिक्षणवाट पहिचान भएका तथा आमभेलामा उठेका सवालहरूमा सम्वन्धित सरोकारवालाहरूले जिम्मेवारीका साथ आआफ्नो प्रतिवध्दता ब्यक्त गरेका थिए । कार्यक्रममा सेवाग्राही रोहीराम, लौकु प्रसाद थारूले  स्वास्थ्य चौकीमा आवश्यक्ता अनुसार शौचालय नभएको र महिला र पुरूषका लागी अलग अलग शोचालय हुनुपर्ने माग गरेका थिए त्यसैगरी अर्को सेवाग्राही गंगाराम खत्रिले स्वास्थ्य चौकीवाछ ब्लडप्रेसर, मघुमेहको औषधी नपाएको र धरैजसो औषधीहरू वाहिरवाट किन्नुपर्ने गुनासो राख्दै एम्बुलेन्सले नजीकका विरामीलाई प्राथमिकता नदिएको टाढाटाढा जाने बिरामी खोज्ने गरेको एम्बुलेन्सले म टाढा छु अटोवाट लैजानुस भन्ने गुनासो गर्नु भएको थियो ।

स्वास्थ्य स्वयसेविका लक्ष्मी अधिकारीले पालीकाले औषधी पठाउदा पर्याप्त मात्रामा नपठाएकाले निकै अप्ठेरो परेको र धेरै लामो समयसम्म सिटामोल पिल्स समेत स्वास्थ्य चौकीमा नभएको गुनासो गर्नु भएको थियो ।

सेवाग्राहीहरूले उठाएका बिषयहरूलाई संवोधन गर्दै शिवपुर स्वास्थ्य चौकीका ईन्चार्ज लेखनाथ पौडेलले निम्नानुसार धारणा राख्नु भएको थियो ।

- शिवपुर स्वास्थ्य चौकीको शौचालय कोभिडको लकडाउनका वेलामा जनता द्वारा तोडफोड भएको र हाल सम्म मर्मत हुन नसकेकाले अप्ठेरो भएको छ, मर्मत संभारका लागि पालिकालाई अनुरोध गरिएको छ यस समस्याको समाधान चाडै गरिनेछ ।
- पालीकाले माग अनुसारको औषधी नपठाउदा समस्या भएको हो । स्वास्थ्य चौकीमा औषधी नभएका कारण सेवाग्राहीलाई दिन नसकिएको हो । अहिलेकै औषधीको अवस्था भन्ने हो भने हामि संग Metro मात्र रहेको छ ।
- पालीकाले औषधी वितरण गर्ने प्रणालीमा सुधार गर्नुपर्ने हुन्छ, खपतको आधारमा स्वास्थ्य संस्थाहरूलाई औषधी उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्दछ । कुनै स्वास्थ्य संस्थामा औषधी नहुने कुनै स्वास्थ्य सस्थामा थुप्रियर रहने हुनु हुदैन ।
- प्रसुती प्रोत्साहन रकम पालीकाले समयमा नदिदा ढिला भएको छ । प्रसुती प्रोत्साहन रकम समयमै प्रदान गर्नका लागि पालीकाले नियमित पेश्की उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्दछ ।
- स्वास्थ्य चौकीको आवश्यक्ता अनुसारको भवन नभएकाले सेवाग्राहीहरूका लागी पालो पर्खने स्थानको कमि छ, त्यसैगरी स्वास्थ्य तथा स्वासथ्य सेवा सम्वन्धी जानकारी तथा सूचना सामग्रीहरूको कमी रहेको छ यसलाई हामी सुधार गर्ने छौ ।
- आगामी दिन देखि सूचनाहरूलाई सूचना पाटीमा ब्यवस्थित गर्ने छौ ।

सेवाग्राहीहरूले उठाएका बिषयहरूलाई संवोधन गर्दै बिसनपुर स्वास्थ्य चौकीका ईन्चार्ज प्रकाश पोख्रेलले ले निम्नानुसार धारणा राख्नु भएको थियो ।

- माग अनुसारको औषधीहरू पालीकाले नदिदा सेवाग्राहीलाई औषधी दिन नसकियको हो पटक पटक माग फाराम भरेर माग गर्दा समेत पालीकावाट औषधी उपलब्ध हुन सकेको छैन । अहिले पनी हामि संग ब्लडप्रेसर र मघुमेहको औषधीको अवस्था सून्य छ ।
- अहिले पनि प्रत्येक दिन सेवाग्राहीका लागी दिनुपर्ने औषधीहरूको अभाव रहेको छ ।
- पालिकामा २ वटा एक्बुलेन्स छ तर ब्यवस्थापन सहि तरिकाले हुन नसक्दा सेवाग्राहीले सुविधा उपयोग गर्न पायका छैनन् । एक्बुलेन्सले फोन नउठाई दिने, पालीकामा हुदापनी टाढा छु बुटवल

छु भन्ने जस्ता समस्या रहेका छन् जो मैले आफै समेत भोगेको छु । त्यसैले पालीकाले एम्बुलेन्सको प्रभावकारी ब्यवस्थापन गर्न आवश्यक छ ।

- पालीकाले ब्यवस्थापन खर्न वार्षिक २५००० दिने गरेको छ लेखापरिक्षण गर्न १०।१२ हजार रूपैया माग्छन् अव कसरी लेखा परिक्षण गराउने हो लेखा परिक्षणको ब्यवस्था पालीकाले मिलाउदा पालीका भित्रकका सबै स्वास्थ्य संस्थाहरूलाई सहज हुने थियो ।
- गर्भवती जांच गराउन आउदा स्वास्थ्यकर्मी नभएर फर्कन पर्ने गुनासो आएको छ गाउघर क्लीनिक संचालनमा गएका अवस्थामा अप्ठेरो परेको हुन सक्छ, स्वास्थ्य चौकीमा गर्भवती जांचका लागी मंगलवार तोकेका छौ, अरू वारहरूमा समेत सेवा के कसरी प्रदान गर्न सकिन्छ प्रयास गर्नेछौ ।
- स्वास्थ्य चौकीको लागी आवश्यक भवन नभएकाले सेवा प्रदान गर्नका लागि धैरै समस्याहरू रहेका छन् भवन निर्माण सम्पन्न भएमा पनि केही समस्याहरू समाधान हुने छन्।

सेवाग्राहीहरूले उठाएका बिषयहरूलाई संवोधन गर्दै शिवगढी स्वास्थ्य चौकीका ईन्चार्ज बिरेन्द्र मिश्राले निम्नानुसार धारणा राख्नु भएको थियो ।

- सामाजिक परिक्षणमा उठेका बिषयहरूकालागि संबोधन गरिने प्रतिबद्दता गर्दछौ ।
- स्वास्थ्य संस्थावाट जाडो समयमा १० बजे देखि ४ बजे सम्म र अन्य समयमा १० देखि ५ बजे सम्म सेवा प्रदान गरिदै आएको छ, कहि कतै कमजोरी भएको रहेछ भने त्यसलाई सुधार गरिने छ ।
- सेवाग्राहीका लागि पिउने पानीको ब्यवस्था राम्रो रहेको छ, यस लाई सेवाग्राहीको पहुचमा राखिने छ ।
- औषधीको आपूर्ति पालीकावाट नियमित भएमा सेवाग्राहीको गुनासो रहने थिएन ।
- आवश्यक्ता अनुसारको भवन नहुदा सेवा प्रदान गर्न कठिन भएको छ ।

सेवाग्राहीहरूले उठाएका बिषयहरूलाई संवोधन गर्दै शिवगढी स्वास्थ्य चौकीका अध्यक्षले निम्नानुसार धारणा राख्नु भएको थियो ।

- सामाजिक परिक्षणको कार्यक्रम निकै प्रभाकारी रहेको छ । यसले धैरै बिषयवस्तुलाई समेटेको छ र सेवा प्रदान गर्ने क्रममा हामिहरू कहा, किन र कसरी चुक्यौ भन्ने बिषय छर्लङ्ग भएको छ ।
- सामाजिक परिक्षणले उठाएका सवाल तथा बिषयहरूको समाधानका लागि हामिहरू प्रतिबद्ध रहेका छौ र समाधानका लागी कार्य गर्नेछौ ।
- पालीकाले औषधी वितरणको परिपाटीलाई ब्यवस्थित गर्नुपर्ने भएको छ र आवश्यक्ताका आधारमा मात्र आपुर्तीको ब्यवस्था मिलाउनु पर्ने भएको छ ।
- पालीकावाट समयमै औषधी खरिद हुन नसक्दा निशुल्क वितरण गरिने औषधीहरूको लामो समय देखि अभाव भैरहेको छ । पालीकाले जिम्मेवारी पुर्वक औषधीहरूको आपुर्ति गर्नु पर्दछ ।

सेवाग्राहीहरूले उठाएका बिषयहरूलाई संवोधन गर्दै शिवराज नगरपालीका स्वास्थ्य शाखाका पूर्णिमा खनालले निम्नानुसार धारणा राख्नु भएको थियो ।

- सामाजिक परिक्षणवाट सेवाको पहुच बृद्दी गर्नका लागी तथा गुणस्तर सुधारका लागी उठेका बिषयहरू सान्दर्भिक रहेका छन् र यसले जवाफदेहिता र पारदर्शिता समेत बृद्दी गर्दै लैजाने छ ।

- निशुल्क वितरण गरिने औषधीहरू प्रतिस्पर्धात्मक तरिकावाट खरिद गर्नु भएकाले स्वास्थ्य चौकीहरूवाट माग भएको समयमा पुर्याउन नसकियको हो यस अनुभववाट हामिले निरन्तर औषधीको आपुर्ति हुने गरी बिडिङ प्रकृयालाई ब्यवस्थित गर्न लागेका छौ यस वाट आगामी दिनहरूमा औषधीहरूको स्टक आउटको समस्या दोहरिने छैन ।
- पहिले पालीकावाट सबै स्वास्थ्य चौकीहरूमा वरावर आपुर्ती गर्ने गरियको थियो अहिले यस आर्थिक बर्ष देखि यसमा सुधार गरी माग अनुसार पठाउने गर्न थालीएकाले अव भएका औषधीहरू माग अनुसार नै पठाउने छौं ।
- TB को औषधी, परिवार नियोजनका साधनहरू जिल्ला स्वास्थ्य कार्यालयवाट माग गरि पालीकाले स्वास्थ्य संस्थाहरूमा पठाउने भएकाले र पालीकाले माग गरे अनुसार जिल्लावाट प्राप्त नभएकाले स्वास्थ्य चौकीहरूमा सून्य मौज्दातको अवस्था हुन आएको हो । यो बिषयलाई पालीकाले जिल्ला स्वास्थ्य कार्यालय संग उठाउदै आएको छ र अझै प्रभावकारी रूपमा यस लाई पालिकाले उठाउने छ ।
- स्वास्थ्य सम्वन्धी जानकारीहरूको उपलब्धता बढाउन आवश्यक छ र यसका लागी स्वास्थ्य संस्थाहरू संग छलफल गरेर बढाउने छौ ।
- एम्बुलेन्सका सम्वन्धमा उठेका सवालहरूको बिषयमा मैले स्वास्थ्य शाखा प्रमुख र नगर प्रमुख समक्ष राखी आवश्यक संवोधनका लागी पहल गर्ने छु ।
- स्वास्थ्य चौकीहरूको लेखा परिक्षणको गर्नु पर्ने नै हुन्छ तर आम्दानी खर्चको तुलनामा लेखा परिक्षण खर्च को तुलना गर्दा लेखा परिक्षण खर्चिलो भएको र लेखा परिक्षण खर्च कसरी जुटाउने भन्ने समस्या रहेकाले यसको निराकरणका लागी पालीकावाट नै लेखा परिक्षक नियूक्ती गरी गर्न सकिन्छ कि छलफल गरी यसको समाधान छिटै गरिनेछ ।
- पालीकावाट स्वास्थ्य संस्थामा गई अनुगमन गर्ने र आवश्यक बिषयहरूमा सहयोग पुर्याउने सन्दर्भमा कमि भएकै छ, पालीका स्वास्थ्य शाखामा ३ जना मात्र कर्मचारी भएकाले कठिन भएको हो । आउने दिनहरूमा नियमित अनुगमन, सुपरिवेक्षणका कार्यहरू पालीकवाट नियमित गर्नेछौ ।

धन्यवाद सभा बिसर्जन भएको जानकारी गराउदछु ।

14 सामाजिक परिक्षणले उठाएका मुद्दालाई सम्बोधन गर्न कार्ययोजनाको निर्माण

आमभेलाको छलफलमा उठेका सवालहरूको संवोधनका लागी उपस्थित सेवाग्राहीहरूको सल्लाह तथा सूझावमा स्वास्थ्य संस्था प्रमुख, ब्यवस्थापन समितीका पदाधिकारीहरू, शिवराज नगरपालीकाका स्वास्थ्य शाखा प्रमुख लगायतको सहभागीतामा कार्ययोजना निर्माण गरियको थियो । कार्ययोजना अनुसूची २ मा रहेको छ ।

15 अनुसूचीहरू

| | | |
|---|---|---|
| आमभेलाको प्रस्तुतीकरण | अनुसूची | १ |
| कार्ययोजना | अनुसूची | २ |

शिवगढी स्वास्थ्य चौकी

शिवराज नगरपालीका, कपिलवस्तु

सामाजिक परिक्षणको नतिजा सार्वजनिकिकरण का लागी

आम भेलाको प्रस्तुतीकरण

२०७८ पुस ५

## १. सामाजिक परिक्षणको उद्देश्य

- स्वास्थ्य क्षेत्रवाट प्रदान गरिने विभिन्न सेवाहरू र स्वास्थ्य सम्वन्धि सामुदायिक क्रियाकलापहरूका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।
- आमनागरिक (महिला, अतिविपन्न, पिछडिएका एवम् बन्चित समुदाय समेत) को प्रत्यक्ष र सक्रीय सहभागिताका आधारमा स्वास्थ्य सेवा प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।
- स्थानिय तहका स्वास्थ्य सेवा प्रदायक निकायहरूलाई आमनागरिक विषेश गरी महिला, अतिविपन्न, जोखिममा रहेका, पिछडिएका, बन्चित एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने समुदाय प्रति जवाफदेही बनाई स्वास्थ्य सेवामा अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पुर्याउने ।
- आमनागरिक र स्वास्थ्य संस्था बीच खुल्ला रूपमा सही सूचना आदान प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने ।
- सामाजिक परिक्षणका माध्यमवाट स्वास्थ्य सम्वन्धी परियोजना र कार्यक्रमको कार्यान्वयन र स्वास्थ्य सेवाप्रवाहमा निरन्तर सुधारका लागि मार्गप्रशस्त गर्ने ।

## २. सामाजिक परिक्षणमा अपनाईएको प्रकृया

- स्थानिय तह द्वारा सामाजिक परिक्षण गर्ने योजना तयारी तथा पहिलो चरणका लागि स्वास्थ्य संस्थाको छनौट ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितीलाई सामाजिक परिक्षण वारे जानकारी तथा स्वास्थ्य संस्थाको सामाजिक परिक्षणका लागी समय निर्धारण ।
- बिभिन्न विधी तथा माध्यम वाट स्वास्थ्य सेवा सम्वन्धी सूचना संकलन र बिश्लेषण ।
- सामाजिक परिक्षणको नतिजा सार्वजनिकिकरण गर्नका लागि आयोजनाहुने आमभेलाको सूचना प्रवाह ।
- आम भेलाको आयोजना गरी स्वास्थ्य संस्थाले दिईरहेका सेवाहरू का साथै सूचना बिश्लेषणबाट प्राप्त नतिजाको प्रस्तुतीकरण ।
- सामाजिक परिक्षणका क्रममा आएका सवालहरू तथा आमभेलामा उठेका सवालहरूमा सरोवारवाला जिम्मेवार निकायहरूको सवालको सम्वोधनका लागि प्रतिबद्धता तथा कार्ययोजना निर्माण।
- प्रतिवेदन तयारी तथा सम्वन्धित स्वास्थ्य संस्था तथा स्थानिय तह लाई हस्तान्तरण ।

## ३. सामाजिक परिक्षणमा अपनाइएका विधिहरू

- स्वास्थ्य संस्थाको अवलोकनः
- स्वास्थ्य संस्थावाट सूचनाहरू संकलन
    - निशूल्क प्रसूति सेवालिने आमाहरूको बिवरण

    - औषधि दाखिला र शून्य मौज्दातको विवरण
    - स्वास्थ्य संस्थाको आम्दानी खर्चको बिवरण
    - खोप परिवार नियोजन र सुरक्षित मातृत्व कार्यक्रमवाट लाभान्वितहरूको विवरण
    - स्वास्थ्य संस्थावाट विविध सेवा लिनेहरूको विवरण
- निशूल्क प्रसूति सेवालिने आमाहरू संग भेट
- स्वास्थ्यकर्मिहरूसंगको अन्तरक्रिया
- स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समितिसंगको अन्तरक्रिया
- सेवाग्राहीहरूसंग बिषयकेन्द्रित समुह छलफल
- सूचना बिश्लेषण

## ४. सामाजिक परिक्षणले समेटेका मुख्यक्षेत्रहरू

- **स्वास्थ्य सेवामा पहुच एवं उपयोग**

| बिषय / क्षेत्र | शिवगढी स्वास्थ्य चौकी |
|---|---|
| सुरक्षित मातृत्व सेवा | • प्रसुती सेवा ३६५ दिन २४ सै घण्टा उपलब्ध रहेको ।<br>• पूर्वप्रसूति जाँच सेवा लिने आमाहरूको संख्या जम्माः ४९ जना ।<br>• संस्थागत प्रसुती मध्ये ७५.३८% ले सेवा लिएको ।<br>• स्वास्थ्य सस्थामा सूत्केरी गराउनेको संख्या ६५ जना –(दलीतः ११, जनजातीः ४३, मधेसी १ र अन्यः १०)<br>• सूत्केरी भएको २४ घण्टा भित्र जांच गराउने संख्या ६५ जना |
| खोप सेवा | • गतबर्षको तुतनामा खोप लिने सेवाग्राहीको संख्या बदेको छ ।<br>• पूर्णखोपका लागि स्वास्थ्य स्वयसेविका परिचालन भएको छ । |
| परिवार नियोजन सेवा | • परिवार नियोजनका अस्थायी साधनको (कण्डम, पिल्स, डिपो, आईयूसिडी) सेवा संचालनमा रहेको<br>• दक्ष तालीम प्राप्त स्वास्थ्यकर्मीवाट परिवार नियोजनका सेवाहरू प्रदान गर्ने गरियको छ ।<br>• परिवार नियोजनका सेवा लिने सेवाग्राहीहरू गत बर्षको तुलनामा घटेका छन् ।<br>• परिवार नियोजनका साधनहरू (पिल्स, कण्डम १ पटक स्वास्थ्य संस्थामा मौज्दात सुन्य भएको । |
| गाउघर क्लिनिक र खोप केन्द्रको अवस्था | • गाउघर क्लिनिक ४ स्थानमा र खोपकेन्द्र ५ स्थानमा संचालन भएका छन् । |

| | |
|---|---|
| स्वास्थ्य संस्थावाट बिविध सेवा लिने कूल विरामी संख्याको विवरण | • आधारभूत स्वास्थ्य सेवाहरू पूर्णरूपमा निशूल्क रहेको छ<br>• विविध सेवा लिने सेवाग्राहीहरूमा महिलाको संख्या बदि रहेको छ ।<br>• दैनिक सददर १४ जना सेवाग्राहीले विविध सेवा लिएको ।<br>• गत बर्षको भन्दा यस बर्षको सेवाग्राही संख्या घटेको छ । |

- **स्वास्थ्य सेवाको गुणस्तर**

| बिषय / क्षेत्र | शिवगढी स्वास्थ्य चौकी |
|---|---|
| स्वास्थ्यकर्मीको उपलब्धता | •स्वास्थ्य संस्थामा दरवन्दी अनुसार पदपूर्ती भएको ।<br>•स्वास्थ्यकर्मीहरू नियमित उपस्थिती हुने गरेको र तालिम, बिदा जादा पालो मिलायर जाने गरेको ।<br>•१० बजे देखि ४ बजे सम्म सेवा प्रदान गर्ने गरेको |
| स्वास्थ्य कर्मीको विरामी प्रतीको ब्यवहार | • मिजासिलो<br>• सोधेको कुरा राम्रो संग बताईदिने ।<br>• लैङ्गीक, जातिय भेदभाव रहित ब्यवहार रहेको । |
| औजार एवं उपकरणको निर्मलिकरण | • अटोक्लेभवाट औजारहरू निर्मलीकरण गर्ने गरेको । |
| सरसफाई | • सरसफाईको अवस्था ठिकै रहेको छ ।<br>• सेवाग्राहिहरूलाई पिउने पानीका लागी फिल्टरको ब्यवस्था भएको<br>• महिला पुरूषका लागि अलग अलग शौचालय नभएको ।<br>• स्वास्थ्य संस्थाको कम्पाउण्डमा तारवार ब्यवस्थित छैन ।<br>• स्वास्थ्य जन्य फोहर ब्यवस्थापन गर्न फोहर वर्गिकरण गरि बिसर्जन गर्ने नगरिएको |
| संवेदनशीलता | • असक्तहरूको पहुचका लागी र्याम्प भएको ।<br>• गोप्य स्थानमा जाच्ने तथा परामर्श दिने ब्यवस्था भएको ।<br>• महिला स्वास्थ्यकर्मीको ब्यवस्था भएको ।<br>• जेष्ठ नागरीकलाई लाईन वस्नु नपर्ने । |

| | |
|---|---|
| गुणस्तर सुधारकालागी भएका प्रयासहरू | • स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि तालिमहरूमा पठाउने गरेको |

## • औजार उपकरण एवम भौतिक पुर्वाधारको अवस्था

| **बिषय / क्षेत्र** | **शिवगढी स्वास्थ्य चौकी** |
|---|---|
| जेष्ठ नागरीक<br>अपाङ्ग मैत्री<br>प्रतिक्षालय<br>ह्विलिचियर/स्ट्रेचर<br>भवन<br>बैकल्पीक उर्जाको अवस्था<br>शौचालयको ब्यवस्था<br>अन्य | • भवन अपाङ्ग मैत्रि रहेको छ<br>• बैकल्पीक उर्जाको ब्यवस्था गरियको ।<br>• आवश्यकता अनुसार शौचालय नभएको ।<br>• आवश्यकता अनुसार  भवन नभएको ।<br>• सेवाग्राही लाई पालो पर्खदा वस्ने ब्यवस्था न्युन रहेको छ ।<br>• स्वास्थ्य संस्थामा ह्विलचियर र स्ट्रेचर नभएको । |
| आवश्यक औजार उपकरणको उपलब्धता | • सामान्य औजार उपकरणहरू  रहेको ।<br>• आवश्यक्ता अनुसार उपकरण नहुदा समस्या भएको |

## • संस्थाको आम्दानी खर्चको अवस्था

| **बिषय / क्षेत्र** | **शिवगढी स्वास्थ्य चौकी** |
|---|---|
| आम्दानी | आम्दानी श्रोतः<br>• गाउपालीका अनुदान<br>• प्रसुती सेवा प्रदानमा प्राप्त हुने रकम ।<br>• लेखा परिक्षण हुन नसकेको |
| खर्च | • स्वास्थ्यकर्मी इन्सेन्टीभ, प्रसूती प्रोत्साहन रकम, औषधीहरू, ब्यवस्थापनमा खर्च भएको । |

• संस्थाको पारदर्शिता एवं जवाफदेहिता

| **बिषय / क्षेत्र** | **शिवगढी स्वास्थ्य चौकी** |
|---|---|
| नागरीक वडापत्र | • स्वास्थ्य चौकीको अध्यावधिक नागरीक वडापत्र नभएको । |

| | |
|---|---|
| सेवाहरूवारे जानकारी | • निशूल्क वितरण गरिने औषधीहरूको नामावली टास नभएको<br>• निशुल्क प्रसूती सेवा, प्रसूती प्रोत्साहन रकम र गर्भवती जाच प्रोत्साहन रकम लिने आमाहरूको बिवरण सूचना पाटिमा टास नभएको ।<br>• स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरूको जानकारीका सूचनाहरू कम रहेका र भएका पनि ब्यवस्थित नभएको । |
| निशूल्क औषधिहरूको उपलब्धता | • पालीकावाट प्राप्त औषधीहरू सेवाग्राहीलाई निशूल्क वितरण गर्ने<br>• नेपाल सरकारले निशूल्क बितरणका लागी तोकेका र परिवार नियोजन सेवाका साधनहरू समेतका औषधीहरू पटक पटक सून्य मौज्दात भएको छ। |
| नागरिक गुनासोको संवोधन एवं ब्यवस्थापन | • सुझाव पेटिका भएको तर खोल्ने परिपाटि छैन ।<br>• नागरिक गुनासो सून्ने र त्यसलाई संवोधन गर्ने ब्यवस्था भएको पाईयन । |

- **स्वास्थ्य सेवा वारे जानकारी**

| बिषय / क्षेत्र | शिवगढी स्वास्थ्य चौकी |
|---|---|
| निशूल्क प्रदान गरिने सेवाहरू सेवाको गुणस्तर ब्यवस्थापन समितीको भूमिका | • स्वास्थ्यसंस्थाले प्रदान गर्ने सेवाहरूको जाकारी स्वास्थ्य स्वयसिवका, स्वास्थ्यकर्मीहरू र टोल छिमेकवाट प्राप्त गर्ने गरको<br>• स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरको जानकारी समुदायमा ज्यादै न्युन रहेको छ ।<br>• स्वास्थ्य चौकीमा स्वास्थ्य संचालन तथा ब्यवस्थापन समिती छ भन्ने वारेमा धेरै सेवाग्राहीलाई जानकारी छैन । |

- **स्वास्थ्य संस्था ब्यवस्थापन समितीको भूमिका**

| बिषय / क्षेत्र | शिवगढी स्वास्थ्य चौकी |
|---|---|
| नियमित बैठक एवं सहभागिता | • स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिती को निर्देशिका नभएको<br>• आवश्यक्ता अनुसार बैठक वस्ने गरेको<br>• बैठकमा उपस्थिती कमजोर रहेको छ । |
| समितीमा समावेशिता | • ब्यवस्थापन समिती समावेसी रहेको छ । |

| | |
|---|---|
| स्थानिय तह तथा अन्य निकाय संगको समन्वय र श्रोत परिचालन | • शिवराज नगरपालिका र वडा कार्यालय संगको समन्वयमा श्रोत परिचालन भएको<br>• अन्य क्षेत्रसंगको समन्वय सम्वन्ध विस्तार गरि श्रोत परिचालन गर्न सकिने (सामुदायीकवन उपभोक्ता समुह, स्थानिय ब्यापारी, स्थानिय दाता, वित्तिय संस्थाहरू आदी) |
| समतामूलक सेवा ब्यवस्थापन (विपन्न वन्चित ब्यक्तीका स्वास्थ्य समस्या प्रतीको संवेदनशिलता) | • गर्भवती भएका घरमा झण्डा राख्ने र अण्डा प्रदान गर्ने कार्यक्रम |
| सेवावाट वन्चित समुदायको पहुच बढाउनका लागि भएका प्रयास | • ४ स्थानमा ४८ पटक गाउघर क्लिनिक संचालन भएको ।<br>• ५ स्थानमा ६० पटक खोप केन्द्र संचालनमा भएको । |

## ५. बिद्दमान सवालहरू

| **बिषय / क्षेत्र** | **शिवगढी स्वास्थ्य चौकी** |
|---|---|
| स्वास्थ्य सेवामा पहुच | • सुरक्षित मातृत्व सेवा लक्ष अनुसार प्रगती कम रहेको<br>• अघिल्लो बर्ष भन्दा सेवाग्राहीको संख्या घटेको छ ।<br>• स्वास्थ्य संस्थामा समयमै नखुल्ने र सेवा पुरा समय सम्म नपाएको सेवाग्राहीको गुनासो रहेको छ ।<br>• परिवार नियोजनका सेवा लिने सेवाग्राहीहरू गत बर्षको तुलनामा घटेका छन् ।<br>• परिवार नियोजनका साधनहरू (पिल्स, कण्डम १ पटक स्वास्थ्य संस्थामा मौज्दात सुन्य भएको |
| स्वास्थ्य सेवाको गुणस्तर | • अटोक्लेभ मर्मत गर्नुपर्ने ।<br>• स्वास्थ्य संस्थाका लागी आवश्यक भवन नभएको ।<br>• स्वास्थ्य संस्थाको कम्पाउण्ड खूल्ला भएको ।<br>• महिला पुरूषका लागि अलग अलग शौचालय नभएको ।<br>• स्वास्थ्य संस्थाको कम्पाउण्डमा तारवार ब्यवस्थित छैन ।<br>• स्वास्थ्य जन्य फोहर ब्यवस्थापन गर्न फोहर वर्गिकरण गरि बिसर्जन गर्ने नगरिएको<br>• सेवाग्राही लाई पालो पर्खदा वस्ने ब्यवस्था न्युन रहेको छ ।<br>• स्वास्थ्य संस्थामा ह्विलचियर र स्ट्रेचर नभएको । |
| स्वास्थ्य सेवाप्रतीको | • स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरको जानकारी समुदायमा ज्यादै न्युन रहेको छ । |

| | |
|---|---|
| चेतना तथा जानकारी | • स्वास्थ्य संस्था सन्चालन तथा ब्यवस्थापन समिती र यसको भूमीका वारे समुदायमा जानकारी अत्यन्तै न्युन छ ।<br>• स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा र स्वास्थ्य सम्वन्धी सूचना मूलक सामाग्रीहरू न्युन छ । |
| श्रोत परिचालन | • स्थास्थ्य संस्थाको आम्दानी खर्चको लेखा परिक्षण नभएको<br>• अभिलेख संस्थामा ब्यवस्थित नभएको ।<br>• अन्य क्षेत्रसंगको समन्वय सम्वन्ध विस्तार गरि श्रोत परिचालन गर्न सकिने (सामुदायीकवन उपभोक्ता समुह, स्थानिय ब्यापारी, स्थानिय दाता, वित्तिय संस्थाहरू आदी) |
| ब्यवस्थापन तथा जवाफदेहिता | • निशूल्क वितरण गरिने औषधीहरूको नामावली टास नभएको<br>• निशुल्क प्रसूती सेवा, प्रसूती प्रोत्साहन रकम र गर्भवती जाच प्रोत्साहन रकम लिने आमाहरूको बिवरण सूचना पाटिमा टास नभएको ।<br>• स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाहरूको जानकारीका सूचनाहरू कम रहेका र भएका पनि ब्यवस्थित नभएको ।<br>• स्वास्थ्य चौकीको अध्यावधिक नागरीक वडापत्र नभएको ।<br>• नेपाल सरकारले निशूल्क बितरणका लागी तोकेका र परिवार नियोजन सेवाका साधनहरू समेतका औषधीहरू पटक पटक सून्य मौज्दात भएको छ।<br>• नागरिक गुनासो सून्ने र त्यसलाई संवोधन गर्ने ब्यवस्था भएको पाईयन ।<br>• स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिती को निर्देशिका नभएको<br>• आवश्यक्ता अनुसार बैठक वस्ने गरेको<br>• बैठकमा उपस्थिती कमजोर रहेको छ । |

## ६. पालिकावाट भईरहेका निरन्तरता दिईरहनु पर्ने बिषयहरू

- स्वास्थ्य संस्थामा करारमा थप गरिएका स्वास्थकर्मीहरूको निरन्तरता ।
- स्थास्थ्य संस्थाको ब्यवस्थापनका लागि दिईने अनुदान निरन्तरता दिदै थप गर्नु पर्ने ।

## ७. पालिकावाट संवोधन गरिनुपर्ने गरी उठान भएका सवालहरू

- निशूल्क प्रदान गरिने औषधीहरूको मौज्दात स्वास्थ्य संस्थामा शून्य हुन नदिनका लागी नियमित आपूर्ती हुन नसकेको ।
- स्वास्थ्य संस्थाहरूको भवन निर्माणमा सहयोग ।
- स्वास्थ्य चौकीहरूको आम्दानी खर्चको लेखा परिक्षण नभएको ।
- एम्बुलेन्स को ब्यवस्थापन राम्रो हुन नसकेको ।
- पालीकावाट स्वास्थ्य संस्थाहरूको अनुगमन तथा सुपरिवेक्षण र अन साईट अनुशिक्षण असाध्यै न्युन रहेको ।
- सूत्केरी प्रोत्साहन रकम सूत्केरी भई डिस्चार्ज हुदा पाउने ब्यवस्थाका लागि रकम समयमा उपलब्ध नभएको।

धन्यवाद

अनुसूची २

शिवगढी स्वास्थ्य चौकी, शिवराज कपिलवस्तु

सामाजिक परिक्षण

कार्ययोजना २०७८ पुस

| क्र. सं. | सूधारका क्षेत्र र मूख्य सवाल | कृयाकलाप | सम्पन्न गर्ने समयावधि | जिम्मेवार निकाय या व्यक्ति | कार्य सम्पादनको उपलब्धि सुचक | अनूगमन गर्ने निकाय र व्यक्ति | स्रोत/सहयोग उपलब्ध गराउने निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | नागरीक वडापत्र | नागरिक वडापत्र अध्यावधिक गरी उचित स्थानमा राख्ने | २०७८ चैत्र मसान्त भित्र | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, स्वास्थ्य संस्था प्रमुख | स्वास्थ्य संस्थाले प्रदान गरिरहेका सेवाहरू सबै समेटियको नागरिक वडापत्र अध्यावधिक गरी सेवाग्राहीहरूले सजिलै देख्ने स्थानमा राखियको हुनेछ | शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | शिवराज नगरपालीका स्वास्थ्य शाखा |
| २ | ह्विल चियर नभएको | ह्विल चियर ब्यववस्था गर्ने | २०७९ असार मसान्त सम्म | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, स्वास्थ्य संस्था प्रमुख | स्वास्थ्य चौकीमा असक्त सेवाग्राहीका लागी ह्विल चियर भएको हुनेछ। | शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | शिवराज नगरपालीका स्वास्थ्य शाखा |
| ३ | प्रमूती प्रोत्साहन रकम प्राप्त गर्ने आमाहरूको नामावली नियमित टांस नगरियको | प्रमूती प्रोत्साहन रकम प्राप्त गर्ने आमाहरूको नामावली नियमित टांस गर्ने | २०७८ माघ महिना देखी | शिवगढी स्वास्थ्य शाखा प्रमुख | प्रमूती प्रोत्साहन रकम प्राप्त गर्ने आमाहरूको नामावली नियमित सूचनापाटीमा टांस भएको हुनेछ । | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सेवाग्राहीहरूको गुनासो सून्ने ब्यवस्थीत परिपाटी नभएको | सुझाव पेटिका राख्ने, नियमित खोल्ने ब्यवस्था गर्ने । तथा सुझाव तथा गुनासो पुस्तिकाको ब्यवस्था गरी लिपीबध्द गर्ने । | २०७८ चैत्र महिना देखि | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, शिवगढी स्वास्थ्य चौकी प्रमुख | सेवाग्राहीहरूको गुनासो सून्ने ब्यवस्थीत परिपाटी भएको हुनेछ । | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | |
| ६ | स्वास्थ्य सम्वन्धी जानकारीका सूचनाहरू कम रहेका छन् । | शिवगढी स्वास्थ्य चौकीले प्रदान गर्ने सेवाहरू तथा सेवाको गुणस्तर वारे जानकारी मूलक सूचना हरू र स्वास्थ्य सम्वन्धी सचेतना मूलक सामाग्रीहरू सेवाग्राहीले सजिलै देख्न र पढ्न सकिने स्थानमा राख्ने | २०७८ बैशाखमा ब्यवस्थित गर्ने | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, शिवगढी स्वास्थ्य चौकी प्रमुख | शिवगढी स्वास्थ्य चौकीले प्रदान गर्ने सेवाहरू तथा सेवाको गुणस्तर वारे जानकारी मूलक सूचना हरू र स्वास्थ्य सम्वन्धी सचेतना मूलक सामाग्रीहरू सेवाग्राहीका लागी सहज रूपमा उपलब्ध भएका हुनेछन् । | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | शिवराज नगरपालीका स्वास्थ्य शाखा |
| ७ | निशूल्क वितरण गरिने औषधीहरूको नामावली टास नभएको | निशुल्क वितरण गरिने औषधीहरूको नामावली औषधी वितरण गर्ने स्थान नेर टांस गर्ने । | २०७८ चैत्र मसान्त भित्र | शिवगढी स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिती, स्वास्थ्य संस्था प्रमुख | निशुल्क वितरण गरिने औषधीहरूको नामावली औषधी वितरण गर्ने स्थान नेर टांस भएको हुनेछ । | शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | शिवराज नगरपालीका स्वास्थ्य शाखा |
| ८ | नेपाल सरकारले निशूल्क बितरणका लागी तोकेका र परिवार नियोजन सेवाका साधनहरू | नेपाल सरकारले निशूल्क बितरणका लागी तोकेका र परिवार नियोजन सेवाका साधनहरू समेतका औषधीहरू पटक पटक सून्य | नियमित | स्वास्थ्य चौकी प्रमुख | निशुल्क बितरणका लागी तोकीयका औषधीहरू सुन्य मौज्दात हुने छैन र सेवाग्राहीहरूले | शिवराज नगरपालीका शुशासन समिती, सामाजिक समिती, स्वास्थ्य शाखा | शिवराज नगरपालीका स्वास्थ्य शाखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समेतका औषधीहरू पटक पटक सून्य मौज्दात भएको छ। | मौज्दात हुन नदिन पालीका संग माग गर्ने । | | | आवश्यक्ता अनुसार प्राप्त गरेका हुनेछन् | | |